वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७७ २०८३ असार २६ गते शुक्रबार, नेपाल सम्वत् ११४६ July 10, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## सालको पातबाट टपरी

तनहुँको व्यास नगरपालिका-१४ रूम्सीकी एक महिला जंगलबाट सालको पात ल्याएर दुना, टपरी तयार गर्दै । लाहुरेको गाउँका रूपमा परिचित रूम्सी गाउँमा होमस्टे सञ्चालनसंगै अहिले आकर्षक ग्रामीण पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ । मगर समुदायको संस्कार, सँस्कृति अध्यन अवलोकनका साथै स्थानीय खानाका परिकार उपभोग गर्ने पाइने यस गाउँलाई व्यास नगरपालिकाले नमूना पर्यटकीय गाउँका रूपमा विकास गर्दै लगेको छ ।

*तस्विर : नारायण खड्का/भञ्जङ*

# दरबारदेखि रानीकुवासम्म: इतिहास, जनश्रुति र संरक्षणको मौन साक्षी

जनक श्रेष्ठ/लमजुङ

डुम्रे-बैँसीसहर सडकखण्ड हुँदै यात्रा गर्ने जो-कोहीको नजर सडक छेउमा रहेको एउटा पुरानो कुवामा पर्न सक्छ । हतारमा यात्रा गर्नेका लागि त्यो सामान्य पानीको कुवा मात्र हुनसक्छ तर त्यसको मौन गहिराइभित्र १६औँ शताब्दीको लमजुङ दरबारको इतिहास लुकेको छ । तत्कालीन राजपरिवारको जीवनशैली, बटुवाको यात्राको कथा, स्थानीय समाजको परिवर्तन र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको जनविश्वास पनि सुरक्षित छ ।

यहाँ कुनै समय रानी वा राजपरिवारले प्रयोग गर्ने कुवा (इनार) थियो । गाउँसहर दरबार आउने-जाने बाटोमा यो पानीको मुख्य स्रोत भएकाले त्यसलाई 'रानीको कुवा' भनिन थालियो । यो व्याख्या स्थानीय मौखिक परम्परामा आधारित हो, यसलाई पुष्टि गर्ने शिलालेख वा आधिकारिक इतिहास हालसम्म उपलब्ध छैन । समयले धेरै कुरा फेरिए पनि 'रानीकुवा'ले इतिहासका ती पदचाप अझै बोकेर बसेको छ । लमजुङको रानीकुवा नामको उत्पत्तिबारे आधिकारिक ऐतिहासिक अभिलेख धेरै उपलब्ध छैन तर स्थानीय जनश्रुति र त्यहाँको ऐतिहासिक परिवेशका आधारमा केही तथ्यहरु फेला पार्न सकिन्छ।

बैँसीसहर नगरपालिका-३ (साविक गाउँसहर गाउँ विकास समिति) मा अवस्थित रानीकुवा अन्तर्गत पर्ने बस्ती हो । गाउँसहर क्षेत्र तत्कालीन लमजुङ राज्यको महत्वपूर्ण ऐतिहासिक केन्द्र मानिन्छ। यही क्षेत्रमा पुरानो दरबार, प्रशासनिक संरचना र धार्मिक स्थलहरु रहेकाले रानीकुवा पनि त्यही ऐतिहासिक परिवेशको एउटा हिस्सा भएर विकसित भएको देखिन्छ । रानीकुवा केवल एउटा बस्ती मात्र नभई गाउँसहर प्रवेशको महत्वपूर्ण विन्दु हो । हालको नगर योजनामा पनि गाउँसहर, काउलेपानी, पुरानोकोट गढी र नाल्मा जाने प्रवेशद्वार रानीकुवामा निर्माण गरिएको उल्लेख छ ।



लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ। दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ । यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ। स्थानीय जनश्रुतिअनुसार लमजुङ दरबार र तत्कालीन बसोबासको शैलीसँग गाउँसहर र बैँसीसहरको नामसमेत जोडिएको पाइन्छ । गर्मी याममा माथिल्लो क्षेत्रमा र जाडो याममा बैँसी क्षेत्रमा बसोबास गर्ने चलनका कारण यी नाम प्रचलनमा आएको स्थानीयहरु बताउँछन् । पछि बैँसी क्षेत्रमा बस्ती विस्तार हुँदै जाँदा बैँसीसहरको पहिचान विकसित भएको मानिन्छ ।

स्थानीय बूढापाकाहरूका अनुसार कुनै समयमा राजपरिवार वा दरबारका मानिसहरूले प्रयोग गर्ने पानीको कुवा यहाँ भएकाले

*बाँकी तेश्रो पेजमा*

# तनहुँ 'बर्डफ्लु'को जोखिममा: सतर्कता अपनाउन आग्रह

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ 'बर्डफ्लु'को जोखिममा पर्न सक्ने भन्दै भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँले जिल्लाभर उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।



पन्छी तथा पन्छीजन्य उत्पादनको आवतजावतका कारण तनहुँमा रोग भित्रिन सक्ने जोखिम रहेकाले कृषक, पन्छी व्यवसायी, उपभोक्ता तथा सम्बन्धित सबै सरोकारवालालाई आवश्यक सावधानी अपनाउन कार्यालय प्रमुख रविनसन अधिकारीले अनुरोध गरेका हुन् ।

अण्डा राख्ने पुराना क्रेट पुन:प्रयोग नगर्न, ढुवानीका सवारीसाधनलाई निसंक्रमण गर्न, कागलगायत जंगली पन्छीसँग घरपालुवा पन्छी वा तिनको दाना सम्पर्कमा आउन नदिन, दाना ओसारपसार गर्दा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र ढुवानी गर्न, अन्य संक्रामक रोगविरूद्ध नियमित खोप लगाउन तथा संक्रमण पुष्टि भएमा मरेका पन्छीलाई तत्काल गहिरो खाडलमा पुरेर फार्मलाई निसंक्रमण गर्न र प्राविधिकको सल्लाहअनुसार आवश्यक रोग नियन्त्रणका उपाय अपनाउन कार्यालयले आग्रह गरेको छ ।

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

व्यास नगरपालिकाको आ.व. २०८२/०८३ को तेश्रो चौमासिकसम्म सम्पादन गरेका सेवा र कार्यको सम्बन्धमा मिति २०८३ साल असार ३१ गते बुधबारक ादिन ११:०० बजेदेखि व्यास नगरपालिका वडा नं. १ स्थित दरै सामुदायिक भवनमा सार्वजनिक सुनुवाई हुने भएकाले सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, पूर्व जनप्रतिनिधिज्यूहरू, राजनैतिक दलका प्रतिनिधिज्यूहरू, नागरिक समाज, पत्रकार, समाजसेवी एवं नगरवासीमा उक्त कार्यक्रममा उपस्थित भईदिनु हुन सूचित गरिन्छ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# तीर्थ, इतिहास र पर्यटनको साझा सम्पदा

तनहुँको सेती–मादी नदी क्षेत्र केवल प्राकृतिक सौन्दर्यले भरिएको भूभाग मात्र होइन, यो धार्मिक आस्था, पौराणिक इतिहास, सांस्कृतिक परम्परा र सभ्यताको एउटा जीवित अभिलेख पनि हो । सेती र मादी नदीको संगमदेखि देवघाटसम्म फैलिएको यस जलाधार क्षेत्रमा रहेका शंकर तीर्थ, व्यासगुफा, बेनीकोट सिद्धथान, जलवाराही, सराङघाट, सुमेरू पर्वत, नन्दिनी गुफा, पञ्चकन्या मन्दिर, गाइघाटलगायतका तीर्थस्थलले यस क्षेत्रलाई आध्यात्मिक दृष्टिले विशेष महत्व प्रदान गरेका छन्। तर यति महत्वपूर्ण सम्पदा हुँदाहुँदै पनि यसको व्यवस्थित संरक्षण, अध्ययन र प्रचारप्रसारमा अपेक्षित ध्यान पुग्न सकेको छैन । नेपाललाई ऋषिमुनि, तपस्वी र तीर्थहरूको भूमि मानिन्छ । स्कन्दपुराण, गण्डकी महात्म्य तथा अन्य पौराणिक ग्रन्थमा उल्लेख गरिएका कतिपय स्थान आज पनि यही भूगोलमा रहेको स्थानीय विश्वास छ । विशेषगरी दमौलीस्थित शंकर तीर्थलाई महर्षि वेदव्यासको जन्मस्थलका रूपमा लिने परम्पराले यस क्षेत्रको महत्व अझ बढाएको छ। व्यासगुफा, पराशर गुफा, सत्यवतीसँग जोडिएका स्थल, मादी–सेतीको संगम र आसपासका धार्मिक अवशेषले यहाँको ऐतिहासिक पहिचानलाई बलियो आधार दिएका छन् । यस्ता धार्मिक विश्वास र किंवदन्तीलाई केवल अन्धविश्वासका रूपमा हेर्न मिल्दैन। ती समाजको सांस्कृतिक स्मृति, स्थानीय सभ्यता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मौखिक इतिहासका महत्वपूर्ण स्रोत पनि हुन्। यिनको ऐतिहासिक सत्यता खोज्ने काम विद्वान्, पुरातत्वविद् र अनुसन्धानकर्ताको विषय हुन सक्छ, तर यस्ता सम्पदाको संरक्षण र सम्मान गर्नु सबैको साझा दायित्व हो ।

विश्वका धेरै देशले यस्तै धार्मिक तथा सांस्कृतिक कथालाई पर्यटनसँग जोडेर आर्थिक समृद्धिको आधार बनाएका छन् । नेपालमै पनि मुक्तिनाथ, जनकपुर, पशुपतिनाथ, लुम्बिनी, देवघाटलगायतका क्षेत्र धार्मिक पर्यटनका केन्द्र बनेका छन्। त्यस्तै सम्भावना तनहुँको सेती–मादी जलाधार क्षेत्रमा पनि प्रशस्त देखिन्छ । यहाँका तीर्थस्थलहरूलाई एउटै धार्मिक–सांस्कृतिक पदमार्ग वा तीर्थपरिक्रमा मार्गका रूपमा विकास गर्न सकिए आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । दुर्भाग्यवश, अधिकांश स्थानमा आधारभूत पूर्वाधारको अभाव छ । कतै पुग्ने बाटो अप्ठ्यारो छ, कतै सूचना बोर्ड छैनन्, कतै ऐतिहासिक विवरण व्यवस्थित रूपमा अभिलेखीकरण गरिएको छैन । कतिपय महत्वपूर्ण शिला, गुफा र पुराना मन्दिर समयसँगै जीर्ण बन्दै गएका छन् । संरक्षणको अभावमा मौलिक सम्पदा हराउने खतरा पनि बढ्दो छ । यसका लागि स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार, पुरातत्व विभाग, पर्यटन बोर्ड र स्थानीय समुदायबीच प्रभावकारी सहकार्य आवश्यक छ। धार्मिक स्थलहरूको वैज्ञानिक अध्ययन, अभिलेखीकरण, संरक्षण, डिजिटल दस्तावेजीकरण तथा पर्यटन पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्छ । स्थानीय विद्यालय, क्याम्पस र अनुसन्धान संस्थालाई पनि यस्ता विषयमा अध्ययन गर्न प्रोत्साहित गर्न सकिन्छ । यसले स्थानीय इतिहासलाई प्रमाणसहित पुस्तान्तरण गर्न सहयोग पुग्नेछ ।

यससँगै धार्मिक पर्यटनको विकास गर्दा वातावरण संरक्षणमा पनि उत्तिकै ध्यान दिनुपर्छ । नदी, गुफा, वन र प्राकृतिक सम्पदालाई प्रदूषणबाट जोगाउँदै पर्यावरणमैत्री पर्यटनको अवधारणा लागू गर्नुपर्ने आवश्यकता छ । स्थानीय समुदायको सहभागितामा होमस्टे, स्थानीय परिकार, सांस्कृतिक कार्यक्रम तथा धार्मिक उत्सवलाई पर्यटनसँग जोड्न सकिए यसले स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्नेछ । सेती–मादी जलाधारका यी तीर्थस्थल केवल पूजा गर्ने स्थान मात्र होइनन्, ती हाम्रो इतिहास, संस्कृति, विश्वास र पहिचानका आधारस्तम्भ हुन्। यिनको संरक्षण गर्नु भनेको आफ्नै सभ्यताको संरक्षण गर्नु हो। यस्ता सम्पदालाई अनुसन्धान, संरक्षण र प्रवर्द्धन गर्दै भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न सक्यौं भने तनहुँ धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित हुन समय लाग्ने छैन । अब बहस होइन, योजनाबद्ध संरक्षण र प्रवर्द्धनको व्यवहारिक अभियान सुरू गर्ने बेला आएको छ ।




# महिला हिंसा : आखिर महिला कहाँ सुरक्षित छन् ?

नेपालले संविधानमार्फत महिलालाई पुरूष समान अधिकार दिएको छ। कानुनले महिला हिंसालाई अपराधका रूपमा परिभाषित गरेको छ। राज्यले महिला सशक्तीकरणका लागि विभिन्न नीति, योजना र कार्यक्रम सञ्चालन गरिरहेको छ । महिलाहरु शिक्षा, स्वास्थ्य, राजनीति, प्रशासन, सुरक्षा, व्यवसाय, सञ्चार, खेलकुद तथा विज्ञान–प्रविधिलगायतका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिरहेका छन् । तर यति हुँदाहुँदै पनि एउटा गम्भीर प्रश्न आज पनि हाम्रो समाजमा बारम्बार उठिरहेको छ– 'महिला हिंसा किन अझै रोकिएको छैन ? आखिर महिला कहाँ सुरक्षित छन् ?'

आज नेपालमा घरभित्र, विद्यालयमा, कार्यस्थलमा, सार्वजनिक यातायातमा, सामाजिक सञ्जालमा, सडकमा, यहाँसम्म कि आफ्नै आफन्त र चिनेजानेका व्यक्तिबाट समेत महिलाहरु विभिन्न प्रकारका हिंसाको सिकार भइरहेका छन् । यो केवल कानुनी समस्या मात्र होइन, सामाजिक चेतना, संस्कार, सोच र जिम्मेवारीसँग पनि गहिरो रूपमा जोडिएको विषय हो ।




महिला हिंसा भन्नाले महिलामाथि गरिने शारीरिक, मानसिक, यौन, आर्थिक वा सामाजिक कुनै पनि प्रकारको दुर्व्यवहारलाई बुझिन्छ। कुटपिट, बलात्कार, यौन दुर्व्यवहार, दाइजोको नाममा हुने हिंसा, बालविवाह, मानव बेचबिखन, साइबर हिंसा, कार्यस्थलमा हुने यौन उत्पीडन, मानसिक यातना तथा चरित्रहत्या जस्ता कार्यहरु महिला हिंसाका प्रमुख रूप हुन्।

नेपालमा महिला हिंसा हुनुका पछाडि धेरै कारण छन् । पहिलो कारण पितृसत्तात्मक सोच हो । हाम्रो समाजमा अझै पनि महिलालाई पुरूषभन्दा कमजोर र कम महत्त्वको रूपमा हेर्ने प्रवृत्ति पूर्ण रूपमा हट्न सकेको छैन । धेरै परिवारमा निर्णय गर्ने अधिकार पुरूषमा मात्र सीमित हुने, महिलाले आफ्नो इच्छा व्यक्त गर्न नपाउने तथा उनीहरूको स्वतन्त्रतालाई नियन्त्रण गर्ने प्रवृत्तिले महिला हिंसालाई अझ बढावा दिएको छ ।

दोस्रो कारण अशिक्षा र चेतनाको कमी हो । शिक्षा र सचेतनाको अभावका कारण महिलाले आफ्ना अधिकारबारे पर्याप्त जानकारी पाउँदैनन् भने कतिपय पुरूषहरूले पनि महिलाको सम्मान गर्न सिकेका हुँदैनन् । यसले हिंसालाई सामान्य व्यवहारका रूपमा स्वीकार गर्ने गलत मानसिकताको विकास गराउँछ ।

तेस्रो कारण आर्थिक निर्भरता हो । धेरै महिलाहरु आर्थिक रूपमा आत्मनिर्भर नभएका कारण हिंसा सहेर पनि सम्बन्ध तोड्न वा कानुनी सहायता लिन सक्दैनन्। परिवारको भविष्य, छोराछोरीको जिम्मेवारी तथा समाजको डरका कारण उनीहरु मौन बस्न बाध्य हुन्छन् ।

चौथो कारण कानुनको प्रभावकारी कार्यान्वयन नहुनु हो । नेपालमा महिला हिंसाविरूद्ध कानुनी व्यवस्था भए पनि सबै घटनामा पीडितले छिटो न्याय पाउँदैनन् । अनुसन्धान ढिलो हुने, दोषीलाई समयमै कारबाही नहुने तथा न्याय प्रक्रियामा पीडितले धेरै कठिनाइ भोग्नुपर्ने अवस्था अझै पनि देखिन्छ। यसले अपराधीको मनोबल बढाउने काम गर्छ ।

सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै साइबर हिंसा पनि तीव्र रूपमा बढिरहेको छ । महिलाको फोटो वा भिडियो दुरूपयोग गर्ने, चरित्रहत्या गर्ने, अश्लील सन्देश पठाउने, धम्की दिने तथा सामाजिक रूपमा बदनाम गर्ने जस्ता घटनाले महिलाको मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेका छन् ।

महिला हिंसाको असर केवल एक व्यक्तिमा सीमित रहँदैन । यसले परिवार, समाज र राष्ट्रलाई समेत नकारात्मक रूपमा प्रभावित गर्छ । हिंसाको सिकार भएकी महिलाले आत्मविश्वास गुमाउँछिन् र मानसिक तनाव, डर, चिन्ता तथा डिप्रेसनको सामना गर्नुपर्छ। कतिपय अवस्थामा उनको शिक्षा, रोजगारी र सामाजिक जीवनसमेत प्रभावित हुन्छ । परिवारका बालबालिकामा समेत हिंसात्मक व्यवहारको असर देखिन सक्छ ।

आखिर महिला कहाँ सुरक्षित छन् ? यो प्रश्न हामीकहाँ बारम्बार उठिरहन्छ । जवाफ कतैबाट आएको छैन । दुर्भाग्यवश, धेरै महिलाले आफूलाई कुनै पनि स्थानमा पूर्ण रूपमा सुरक्षित महसुस गर्न सकेका छैनन् । घरभित्र घरेलु हिंसाको डर, सडकमा दुर्व्यवहारको त्रास, सार्वजनिक यातायातमा असुरक्षाको अनुभूति, कार्यस्थलमा यौन उत्पीडनको जोखिम तथा सामाजिक सञ्जालमा साइबर हिंसाको भयले महिलाको दैनिक जीवन प्रभावित भइरहेको छ। यसको अर्थ महिलाहरु सधैं असुरक्षित छन् भन्ने होइन । तर अझै पनि सुरक्षित वातावरण निर्माण गर्न धेरै काम गर्न बाँकी छ।

महिला हिंसा अन्त्य गर्न केवल सरकारले मात्र प्रयास गरेर पुग्दैन । परिवार, विद्यालय, समुदाय, सञ्चारमाध्यम, नागरिक समाज तथा प्रत्येक नागरिकको समान जिम्मेवारी हुन्छ । छोराछोरीलाई सानैदेखि समानता, सम्मान र जिम्मेवारीको शिक्षा दिनुपर्छ । महिलालाई कमजोर होइन, समान अधिकार भएका नागरिकका रूपमा व्यवहार गर्न सिकाउनुपर्छ ।

महिलाहरूलाई गुणस्तरीय शिक्षा, सीप, रोजगारी तथा आर्थिक अवसर उपलब्ध गराउनुपर्छ । आर्थिक रूपमा सक्षम महिला अन्यायविरूद्ध आवाज उठाउन बढी सक्षम हुन्छिन् । साथै, हिंसाका घटना लुकाउने होइन, कानुनी प्रक्रियामा लैजाने संस्कृतिको विकास गर्न आवश्यक छ ।

सरकारले महिला हिंसासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। पीडितलाई छिटो न्याय, निःशुल्क कानुनी सहायता, सुरक्षित आश्रयस्थल, मनोसामाजिक परामर्श तथा पुनर्स्थापनाको व्यवस्था अझ प्रभावकारी बनाउन आवश्यक छ । दोषीलाई राजनीतिक, सामाजिक वा आर्थिक प्रभावका आधारमा उन्मुक्ति दिने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पनि जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ । पीडितको गोपनीयता कायम राख्ने, तथ्यमा आधारित सूचना प्रवाह गर्ने तथा हिंसालाई सामान्य घटना वा मनोरञ्जनको विषय नबनाउने संस्कृतिको विकास गर्नुपर्छ।

महिलाविरूद्ध हुने हिंसा केवल महिलाको समस्या होइन, यो सम्पूर्ण समाजको समस्या हो। जबसम्म महिलाले सुरक्षित महसुस गर्न सक्दैनन्, तबसम्म समाजलाई पूर्ण रूपमा सभ्य, समतामूलक र विकसित भन्न सकिँदैन। महिला सुरक्षित भए मात्र परिवार सुरक्षित हुन्छ, परिवार सुरक्षित भए समाज सुरक्षित हुन्छ र समाज सुरक्षित भए राष्ट्र समृद्ध बन्छ।

अन्त्यमा, महिला हिंसाको अन्त्य कुनै एक दिनमा सम्भव हुँदैन। तर प्रत्येक नागरिकले आफ्नो व्यवहार परिवर्तन गर्ने, कानुनको सम्मान गर्ने, अन्याय देख्दा आवाज उठाउने तथा महिला–पुरूष समानताको मूल्यलाई व्यवहारमा उतार्ने हो भने हिंसामुक्त समाज निर्माण अवश्य सम्भव छ। अब प्रश्न 'महिला कहाँ सुरक्षित छन् ?' भन्ने होइन, 'महिलालाई हरेक ठाउँमा कसरी सुरक्षित बनाउने ?' भन्ने हुनुपर्छ । यही सोच र व्यवहारको परिवर्तनबाट मात्र सुरक्षित, सम्मानजनक र समानतामूलक समाज निर्माण गर्न सकिन्छ । नेपालप्रेसबाट (लेखक परिवर्तन नेपाल अभियान, पोखराको अध्यक्ष हुन्)

## तपाईंको आज

**मेष**
पहिलेको उपलब्धिले काममा हौसला जगाउनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**वृष**
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मिथुन**
बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**कर्कट**
अरुको विश्वास गर्दा गोपनीयता बाहिरिन सक्छ। अवसरवादीहरूले फाइदा उठाउन सक्छन्।

**सिंह**
हडबड गर्नाले काम बिग्रन सक्छ। साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइनेछ।

**कन्या**
फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ।

**तुला**
आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृश्चिक**
जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या पर्ला। काममा प्रतिस्पर्धा बढ्नेछ

आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने योग छ। थोरै लगानीबाट धेरै नाफा उठाउन सकिनेछ।

**मकर**
पहिलेका कमजोरी सच्याउन काम दोहोर्याउनुपर्ला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ।

**कुम्भ**
आगन्तुकले अलमल्याउने हुँदा काममा बाधा हुनेछ। अरूको फाइदाका लागि उपयोग भइएला।

**मीन**
सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ। तापनि पहिलेका कमजोरी सच्याउन सकिनेछ।



**हिलो र धुलोको सास्ती :** डुम्रे–बेसीशहर सडक अन्तर्गत तनहुँ खण्डको तुरतुरे क्षेत्रमा सडक स्तरोन्ति कार्य हुँदा पानी परेपछि हिलाम्य भएको सडक । सडक स्तरोन्ति कार्यले गति नलिदा यात्रुहरूले घाम लाग्दा धुलो र पानी आउँदा हिलोको सास्ती खेप्नु परेको छ भने यात्र पनि असुरक्षित बन्दै गएको छ । *तस्विर : भञ्ज्याङ*

# दरबारदेखि रानीकुवासम्म: ........

त्यसको नाम रानीकुवा रहन गएको भन्ने जनश्रुति प्रचलित छ । यद्यपि, यसलाई पुष्टि गर्ने प्रमाणित ऐतिहासिक दस्तावेज हालसम्म सार्वजनिक रूपमा भेटिँदैन । ८६ वर्षीय स्थानीय बासिन्दा माधवप्रसाद घिमिरेका अनुसार सुरुमा रानीकुवा राजपरिवारको प्रयोगका लागि सीमित थियो । समयसँगै आसपास बस्ती विस्तार भयो र स्थानीयले पनि यही कुवाको पानी प्रयोग गर्न थाले । आधुनिक खानेपानीको व्यवस्था भएपछि यसको प्रयोग घटे पनि ऐतिहासिक महत्व भने कायमै रहेको उहाँ बताउनुहुन्छ ।

स्थानीय इतिहासका जानकार अङ्गराज घिमिरेका अनुसार अहिले सडक रहेको स्थानमा पहिले गोरेटो बाटो थियो । त्यस बाटोमाथि रहेको 'रानी चौतारा' मा यात्रुहरूले विश्राम गर्थे र यही कुवाको पानी पिउँथे । उहाँका अनुसार रानीहरु पनि यही क्षेत्रमा आउने, स्नान गर्ने र कुवाको पानी प्रयोग गर्ने गर्थे । त्यसैले रानीकुवा केवल पानीको स्रोत नभई तत्कालीन राजकीय जीवन र स्थानीय समाजबीचको सम्बन्धको जीवित साक्षी हो । घिमिरेका अनुसार राजा यशोब्रह्म शाहलाई लमजुङ ल्याउन कुस्माखरलाई लमजुङका छ थरले अगुवा गर्न आग्रह गरेअनुसार उहाँले यशोब्रह्मलाई ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । तीमध्ये कुस्माखर घिमिरेको योगदान विशेष रहेको स्थानीय इतिहास र जनश्रुतिमा उल्लेख पाइन्छ। ज्योतिष, राजनीतिक ज्ञान र दूरदर्शिताका कारण परिचित कुस्माखर घिमिरे राष्ट्रिय भण्डाको प्रारम्भिक परिकल्पनासँग समेत जोडिने व्यक्तित्व भएको उहाँको भनाइ छ ।

नेपाल एकीकरणअघि प्रयोगमा रहेको १२ कुना भएको सूर्य र आठ कुना भएको चन्द्र अङ्कित भण्डाको प्रारम्भिक स्वरूपको परिकल्पनामा उहाँको भूमिका रहेको स्थानीय जनश्रुतिमा पाइन्छ । लमजुङ दरबार संरक्षण समितिका अध्यक्ष राजेन्द्र बोहोराका अनुसार रानीकुवा र लमजुङ दरबारलाई अलग गरेर हेर्न सकिँदैन । दरबारको इतिहास बुझ्न रानीकुवाको संरक्षण पनि उत्तिकै आवश्यक रहेको उहाँको भनाइ छ उहाँका अनुसार इतिहासको संरक्षण केवल पुराना संरचना जोगाउनु मात्र होइन, त्यससँग जोडिएका तथ्य, जनश्रुति, संस्कृति र सामूहिक स्मृतिलाई भावी पुस्तासम्म पुऱ्याउनु पनि हो ।

पर्याप्त संरक्षणको अभाव, प्राकृतिक क्षय तथा बढ्दो मानवीय चापका कारण रानीकुवासहित दरबार क्षेत्रका ऐतिहासिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ । दरबार, रानीकुवा, रानी चौतारा तथा आसपासका सम्पदालाई समेटेर दीर्घकालीन संरक्षण, व्यवस्थापन र पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना तयार गर्ने प्रक्रिया अघि बढाइएको अध्यक्ष बोहोराले बताउनुभयो । लमजुङ दरबार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण सम्पदा हो । यसको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकारसहित विभिन्न निकायबाट पहल भइरहेको उहाँ बताउनुहुन्छ।

रानीकुवा गाउँसहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ । सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा–ऐतिहासिक गाउँसहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई संकेत गर्छ । दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ । अहिले पनि चैतेदसैँ र फूलपातीका अवसरमा दरबारमा लाग्ने मेलामा सहभागी हुनुअघि उक्त धारामा स्नान गरेर जाने परम्परा रहेको अध्यक्ष बोहोरा बताउनुहुन्छ ।

स्थानीय तहले पनि रानीकुवाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । वडाध्यक्ष चित्रबहादुर दनाईका अनुसार रानीकुवा क्षेत्रको सौन्दर्यीकरण र प्रवर्द्धनका लागि केही वर्षअघि करिब रू छ लाखको लागतमा रानीपार्क निर्माण गरिएको थियो । यसको संरक्षण, ऐतिहासिक अध्ययन र पर्यटन प्रवर्द्धनका लागि थप पहल भइरहेको उहाँ बताउनुहुन्छ । रानीकुवा, लमजुङ दरबार र आसपासका ऐतिहासिकस्थललाई एउटै पर्यटन परिपथका रूपमा विकास गर्ने सोच रहेको उहाँको भनाइ छ ।

यसैबीच ऐतिहासिक परिसरमा अहिले कुस्माखर घिमिरेको शालिक निर्माण अन्तिम चरणमा पुगेको छ। राष्ट्रिय प्रतिष्ठान समितिका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार स्थानीय स्वर्गीय डिल्लीराज घिमिरेको सम्झनामा उहाँकी धर्मपत्नी हिमादेवी घिमिरे तथा छोराहरु गुणराज घिमिरे र तोयाराज घिमिरेसहित परिवारले चार आना जग्गा उपलब्ध गराएका छन् । गण्डकी प्रदेश सरकारको रू १५ लाखको बजेटमा निर्माण भइरहेको शालिकको ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार भक्तपुरमा निर्माण गरिएको शालिक रानीकुवा परिसरमा ल्याइसकिएको छ र उपयुक्त मिति छनोट गरी स्थापना गरिनेछ। कुस्माखर घिमिरेको ऐतिहासिक योगदानलाई नयाँ पुस्तासम्म चिनाउने उद्देश्यले शालिक निर्माण गरिएको उहाँ बताउनुहुन्छ ।

अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार रानीकुवा र यसको आसपासको क्षेत्र पुरातात्त्विक दृष्टिले महत्वपूर्ण छ । त्यसैले पुरातत्व विभागसँग समन्वय गरी यसको संरक्षण, अध्ययन, अभिलेखीकरण र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । रानीकुवा आज केवल एउटा पुरानो कुवा होइन, यो लमजुङको इतिहास, जनविश्वास, राजपरम्परा, स्थानीय जीवन र सांस्कृतिक पहिचानको जीवित साक्षी हो । यसको छेउमै निर्माणाधीन कुस्माखर घिमिरेको शालिकले इतिहासका अर्को पात्रलाई नयाँ पुस्तासँग परिचित गराउने प्रयास गरिरहेको छ ।

रानीकुवा, लमजुङ दरबार, रानी चौतारा, ऐतिहासिक धारा र कुस्माखर घिमिरेसँग जोडिएका सम्पदालाई एउटै संरक्षण र पर्यटन परिपथका रूपमा विकास गर्न सकिएमा यसले लमजुङको इतिहासलाई मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनलाई पनि नयाँ आयाम दिन सक्ने बताइएको छ। इतिहासका यस्ता सम्पदाहरु ढुङ्गा, माटो वा पानीका संरचना मात्र होइनन्, तिनले एउटा समाजको स्मृति, पहिचान र निरन्तरताको कथा बोकेका हुन्छन् । रानीकुवाले आज पनि त्यही इतिहासको मौन साक्षी बनेर भविष्यलाई अतीतसँग जोडिरहेको छ । रासस


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका–२, दमौली तनहुँ**

**फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

**असार २७ गते शनिबार**



**प्रोफेसर डा. जय बहादुर खत्री**
**वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार भस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- फट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुन:स्थापना र मनो–सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डाक्टरा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


# सेतीखोला आयोजनाबाट विद्युत् उत्पादन सुरु

**भञ्ज्याङ समाचारदाता/कास्की**

कास्कीको पोखरा महानगरपालिका–३३ मा निर्माण सम्पन्न भएको २२ मेगावाट क्षमताको सेतीखोला जलविद्युत् आयोजनाले बिजुली उत्पादन सुरु गरेको छ । सेती खोला हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित सो आयोजना विसं २०७८ मंसिरमा सुरु भएको हो । नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीले आयोजनाको निरीक्षण तथा परीक्षण गरेपछि उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा परीक्षणका रूपमा प्रवाह गर्न थालिएको प्रवर्द्धक कम्पनी निर्देशक दीपक बरालले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रारम्भिक रूपमा १५ दिन आयोजना परीक्षण अवधिमा रहनेछ। त्यसपछि नियमित व्यावसायिक उत्पादन सुरु हुनेछ। सो अवधिमा उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा प्रवाह गरिनेछ भने आयोजना र उपकरणको प्राविधिक परीक्षण गरिने छ ।

आयोजनाले गत मङ्सिरदेखि नै उत्पादन सुरु गर्ने लक्ष्य राखेको थियो। तर प्रसारण लाइन निर्माणसँग सम्बन्धित वन क्षेत्रको स्वीकृति प्रक्रियामा ढिलाइ हुँदा सम्पन्न गर्न विलम्ब भएको बताइन्छ । प्रसारण लाइनका लागि निर्माण गरिएका पाँच टावरमध्ये तीन वटा वन क्षेत्रमा परेकाले आवश्यक स्वीकृतिका लागि समय लागेको निर्देशक बरालको भनाइ छ ।

सेती खोला जलविद्युत् आयोजनाको बाँध पोखरा–३३ को तिकलाङमा निर्माण गरिएको छ । त्यहाँबाट तीन हजार १०६ मिटर लामो सुरुङमार्ग हुँदै पानी तल्लो पुँडीटारस्थित विद्युत्गृहमा पुऱ्याइएको छ । यहाँ ११/११ मेगावाट क्षमताका दुईवटा 'टर्वाइन' जडान गरिएका छन् ।

आयोजनामा रू पाँच अर्ब पाँच करोड लगानी भएको छ। आयोजना व्यावसायिक रूपमा सञ्चालनमा आएपछि आगामी आर्थिक वर्षभित्रै सर्वसाधारणका लागि प्राथमिक शेयर (आइपिओ) निष्कासन गर्ने तयारी गरिएको छ ।

सेती नदीमा पछिल्लो समय विभिन्न क्षमताका जलविद्युत् आयोजना निर्माणका क्रममा छन्। गत वर्षदेखि भिजन लुम्बिनी ऊर्जा कम्पनीले प्रवर्द्धन गरेको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन गरिसकेको छ । हाल आधा दर्जन आयोजना निर्माणको प्रारम्भिक चरणमा र केही निर्माणाधीन छन् ।

## व्यक्ति एकै भएको सूचना

म **बसन्त बहादुर अधिकारी** ठेगाना व्यास न.पा.–२ (साविक तनहुँशुर गाँउ विकास समिति वडा नं. ९) मैले मेरो भारतीय सेनाको पेन्सन अभिलेख (Record)मा मेरो श्रीमतीको नाम/थर **विष्णु माया** (BISHNU MAYA) र जन्म मिति 17/09/2010 (BS) 31/12/1953 (AD) लेखाएको तर नेपाली नागरिकताको प्रमाण पत्रमा मेरो श्रीमतीको नाम/थर **विष्णु माया अधिकारी** (BISHNU MAYA ADHIKARI) र जन्म मिति 15/10/2012 (BS) 29/01/1956 (AD) उल्लेख भई फरक पर्न गएको भएतापनि फरक व्यक्ति नभई व्यक्ति एकै हो भनी जानकारी गराउँदछु ।

## व्यक्ति एकै भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ बस्ने भारतीय भु.पु.सै. नं. ४१६२२१M दर्जा HAV **जोक बहादुर राना** २/३ जि.आर.को श्रीमती **खु माया राना**को नाम थर पेन्सन अभिलेखमा **खु माया** भएको र नागरिकतामा नाम थर **खु माया राना** भई नाम थर फरक परेता पनि व्यक्ति एकै भएको भनि भिमाद न.पा. वडा नं. ६ को वडा कार्यालयको च.नं. २२१० मिति २०८३/०३/२३ को पत्रबाट सिफारिस भई आएकोले सोही व्होरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## व्यक्ति एकै भएको सूचना



गण्डकी प्रदेश, तनहुँ जिल्ला आँवुखैरेनी गा.पा. वडा नं. ३ बस्ने भारतीय भु.पु.सै.नं. ०५७४५४८N पल्टन ५/८GR का **केशर बहादुर आले मगर**को पेन्सन अभिलेखमा श्रीमतीको नाम थर **बेली माया**, जन्म मिति सन 28 DEC 1952 भएको र श्रीमतीको नागरिकतामा नाम थर **बेलि माया आले**, जन्म मिति 30 July 1953 भई नाम थर र जन्म मिति फरक परेतापनि व्यक्ति एकै भएको भनि आँवुखैरेनी गा.पा. वडा नं. ३ को वाडा कार्यालयको च.नं. १९१८ मिति २०८३/०३/२५ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्होरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**निर्माणाधीन मोटरबेल पुल :** तनहुँको व्यास नगरपालिका-३ देउरालीनगर र व्यास नगरपालिका-१ भादगाउँ जोड्ने बुल्दीखोलामाथि निर्माणाधीन मोटरबेल पुल ।
*तस्बिरः सानेबहादुर नेपाली/रासस*

# गण्डकीमा गाँजा खेती गर्न पाइने, गाँजा खेती नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक पारित

**भञ्ज्याङ समाचारदाता**/पोखरा

गण्डकी प्रदेशमा औषधीय तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेती गर्ने कानुनी बाटो खुलेको छ। गण्डकी प्रदेशसभाको बिहीबारको बैठकले 'गाँजा खेती नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' सर्वसम्मत रूपमा पारित गरेसँगै यसको व्यावसायिक उत्पादन र उपयोगका लागि कानुनी आधार तयार भएको हो । तर लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा ३ ले गाँजा र औषधोपयोगी गाँजालाई समेत लागुऔषधको परिभाषाभित्र राखेको छ। ऐनको दफा ४ ले गाँजाको खेती गर्न, उत्पादन गर्न, तयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न निषेध गरेको छ ।




विधेयकमाथि दफावार छलफलका लागि उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले प्रस्ताव प्रस्तुत गरेकी थिइन् । छलफलमा प्रदेशसभा सदस्यहरु अशोक श्रेष्ठ, गणेशमान गुरूङ, सुशीला सिंखडा र बिन्दु पौडेलले भाग लिँदै विधेयकका सबल र दुर्बल पक्षबारे धारणा राखेका थिए । सांसदहरूले उठाएका प्रश्न र जिज्ञासामाथि मन्त्री रिमालले स्पष्ट पारेपछि सभामुख कृष्णप्रसाद धितालले विधेयक सर्वसम्मत पारित भएको घोषणा गरे ।

यसअघि प्रदेशसभाको अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले बुधबार उक्त विधेयकको परिमार्जित प्रतिवेदन सदनमा पेस गरेका थिए । विधेयक पारित भएसँगै यसलाई प्रदेशको समृद्धिको 'गेम चेन्जर' योजनाका रूपमा हेरिएको सभापति अर्यालले बताए ।

नेपाल कानुन समाजलाई मस्यौदा तयार गर्न दिएर प्रारूप तयार पारिएको, विज्ञ र संघ सरकारका सहसचिवस्तरका अधिकारीबीच छलफल गरेरै विधेयक तयार पारिएको उनको भनाइ छ । 'संघ सरकारले पनि यससम्बन्धी ऐन बनाउन केही तयारी गरेको रहेछ । अहिले पनि बुढानिलकण्ठमा गाँजाबाट औषधि बनाउने उद्योग नै छ', उनले भने, 'सर्वोच्चको नजिरले पनि गाँजा खेतीलाई रोकेको छैन । संघ सरकारसँग समन्वय गरेर जान सकिन्छ भन्नेमा छौं । संघ सरकार नै खिलापमा गयो भने कार्यान्वयन गर्न कठिन हुन्छ ।'

पारित विधेयकमा गाँजा खेतीलाई दुरूपयोग हुन नदिन र व्यवस्थित बनाउन कडा अन्तर्राष्ट्रिय मापदण्ड तय गरिएको छ । औद्योगिक प्रयोजनका लागि उत्पादन गरिने गाँजाको बोटमा नशालु पदार्थ 'टेट्रा हाइड्रो क्यानिबिनोल' (टीएचसी)को मात्रा ०.३ प्रतिशतभन्दा कम हुनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । औषधीय उत्पादन, अनुसन्धान र निर्यातका लागि गरिने यस्तो खेती पूर्ण रूपमा प्रदेश सरकारको प्रत्यक्ष निगरानी र नियन्त्रणमा रहनेछ । गाँजाको जरा, काण्ड, बोक्रालाई औद्योगिक प्रयोजनमा प्रयोग गर्ने भनिएको छ । सरकारले तोकेको निश्चित क्षेत्र र पूर्वसहमति प्राप्त जग्गाको क्षेत्रफलका आधारमा मात्रै अनुमतिपत्र (लाइसेन्स) लिएर खेती गर्न पाइने प्रावधान विधेयकमा छ।

त्यसैगरी, उत्पादित गाँजाको बोट कटान र बिक्री वितरण गर्नुअघि अनिवार्य रासायनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका लागि प्रदेश सरकारले आफैं वा निजी क्षेत्रको साझेदारीमा प्रयोगशाला स्थापना गर्नेछ भने स्थापित शैक्षिक तथा अनुसन्धान संस्थाहरूलाई पनि परीक्षणको जिम्मेवारी दिन सकिनेछ ।

विधेयकमा गाँजाको सम्भावित दुरूपयोग र कुलत रोक्न विशेष व्यवस्था गरिएको छ । गाँजाको औषधीय प्रयोगबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि चिकित्सा सेवासहितको उपचार केन्द्र र दुरूपयोग गर्नेहरूका लागि कानुनी कारबाहीका साथै पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने जिम्मेवारी सरकारलाई सुम्पिएको छ ।

यो विधेयकलाई अन्तिम रुप दिन संसदीय समितिले लामो समय गृहकार्य गरेको थियो । २८ कात्तिक ०८२ मा अर्थ तथा विकास समितिमा पठाइएको यस विधेयकमाथि ११ पटकसम्म बैठक बसेर व्यापक परिमार्जन गरिएको हो । २५ माघ ०८२ देखि १२ असारसम्म सरोकारवाला, मन्त्रालयका सचिवहरु तथा बागलुङ र म्याग्दीका गाउँपालिका अध्यक्षहरूसँग परामर्श गरिएको थियो ।

विधेयकलाई व्यवहारिक र वैज्ञानिक बनाउन प्रा.डा. पन्ना थापा, डा. गणेश ऐरी र डा. निर्मल लामिछानेलगायतका विशेषज्ञको राय समेटिएको समितिले जनाएको छ । 'कुनै प्रदेश र संघले नबनाएको ऐन बनाएका छौं । भोलि अरूले बनाउँदा यसबाट सिक्न मिल्ने गरी बनाउनुपर्छ भनेर बनाएका छौं', समितिका सभापति अर्यालले भने, 'सबै प्रक्रियाले बाँधेर गर्दा बाहिर समाजमा नकारात्मक प्रभाव पर्दैन भन्ने हाम्रो बुझाइ छ ।'

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

**शिक्षा**

डिग्री छ, तर जीवनमा आवश्यक ज्ञान र सीप छैन।
परीक्षामा 'ए' ग्रेड आयो, तर विषयवस्तुको आधारभूत बुझाइ छैन।
गाइड र नोट घोकेर परीक्षाका प्रश्नको उत्तर लेख्न आउँछ, तर जीवन र समाजका सान्दर्भिक प्रश्न सोध्न र तिनको उत्तर खोज्न सक्दैन।
बीए/एमए पास गर्यो, तर जीविकोपार्जनका लागि फेरि कोरियन वा जापानी भाषा सिकेर श्रमिक बन्नुपर्ने बाध्यता।
यी हाम्रो शिक्षा प्रणालीसँग जोडिएका केही तिता यथार्थ हुन् ।
विश्वविद्यालय तहको पढाइ किन गर्ने? के पढ्ने? कस्तो शिक्षा लिने? कसरी पढ्ने? र कहाँ पढ्ने?– यी आधारभूत प्रश्नबारे राज्य, परिवार र विद्यार्थी तहमा पर्याप्त, विश्वसनीय सूचना र गम्भीर विमर्शको अभाव छ। यस्तो परिवेशमा शिक्षाको नाफामुखी व्यापार र भ्रामक प्रचार मौलाएको छ। परिणामस्वरूप, समाजको उन्नति र बौद्धिक विकासको आधार बन्नुपर्ने, विशेष गरी स्नातक तहको शिक्षाको गुणस्तर, क्रमशः खस्किँदै गएको छ ।



**narayan wagle**
x.com/narayanwagle

जबर्जस्ती उठिबास लगाई बासस्थान खोस्ने, जीविकोपार्जनका आधारबाट वञ्चित गर्ने, नियन्त्रणमा लिइसकेपछि भोकै राख्ने कार्य गम्भीर मानवअधिकार उल्लङ्घन मात्र नभई कसुरजन्य कार्य हो। यस घटनाको फौजदारी अनुसन्धान गरी जिम्मेवार पदाधिकारीहरूविरूद्ध मुद्दा चलाइयोस् !
- नागरिक अभियन्ताहरूको अपिल

# तनहुँ जलविद्युत् आयोजनालाई छ अर्ब बजेट

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाका लागि सरकारले रू छ अर्ब बढी बजेट विनियोजन गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि उक्त बजेट उपलब्ध गराएको हो ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा जलविद्युत् आयोजनाको काम तीव्र गतिमा अगाडि बढिरहेको छ । आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

आयोजनामा हालसम्म ७५ दशमलव पाँच प्रतिशत प्रगति भएको छ। आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरूङ, विद्युत्गृह तथा सम्बन्धित उपकरण तथा प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको निर्माण जारी छ ।

बाँधलगायतका संरचनाको भौतिक प्रगति ५९ प्रतिशत बराबर पुगेको छ । यस्तै, मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरूङलगायतका संरचनाको निर्माण सम्पन्न भएको छ ।



यस्तै, विद्युत्गृह, केवल सुरूङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको छ । त्यसको भौतिक प्रगति ७७ प्रतिशत छ । उनका अनुसार जलाशयको पानीलाई विद्युत्गृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरूङको कङ्क्रिट 'लाइनिङ' कार्य जारी छ । प्रसारण लाइनअन्तर्गत ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हाल्ने काम सम्पन्न भएको छ ।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४